नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

फोन ४२००३०९, ४२००२८१

पत्र संख्या:-

चलानी नं.:-

# प्रेस विज्ञप्ति

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट आ.व. २०७३/७४ मा सम्पन्न भएका प्रमुख कार्यहरु तथा स्थानीय तह सञ्चालन र व्यवस्थापन सम्वन्धमा हालसम्म भए गरिएको कार्य प्रगति सम्वन्धी जानकारी गराउने उद्देश्यले आज मिति २०७४/०३/३० गते माननीय उपप्रधान मन्त्री एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यूको समुपस्थितिमा पत्रकार भेटघाट कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा मन्त्रालयका सचिव श्री दिनेशकुमार थपलियाज्यूले स्वागत मन्तव्य राखु भएको थियो भने मन्त्रालयका प्रवक्ता एवं सह सचिव श्री रुद्रसिंह तामाङले यस आ.व. मा मन्त्रालयवाट सपन्न भएका महत्वपूर्ण कामहरुका साथै स्थानीय तह सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा हालसम्म भए गरिएको कार्य प्रगतिको जानकारी गराउनुभएको थियो । तत्पश्चात छलफल कार्यक्रममा पत्रकारहरुवाट राखिएका जिज्ञासाहरुको सवालमा माननीय उप-प्रधानमन्त्रीज्यूका साथै सचिवज्यू तथा मन्त्रालयको सम्वन्धित महाशाखा प्रमूखज्यूहरुवाट सम्वोधन गरिएको थियो ।

कार्यक्रममा मन्तव्य राख्दै माननीय उप-प्रधानमन्त्री एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यूवाट स्थानीय तह सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा सङ्घीय तथा प्रादेशिक कानुन निर्माण नहुदासम्मको लागि सवै नवगठित स्थानीय तहवाट हुने सेवा प्रवाहमा एकरुपता र गुणस्तरिता कायम होस् भन्ने हेतुले सेवा प्रवाह सम्वन्धी अत्यावश्यक कार्यविधि र आदेश जारी गर्नुका साथै स्थानीय तहवाट निर्माण हुनुपर्ने ऐन नियमहरुको नमूना समेत उपलब्ध गराइएको व्यहोरा जानकारी गराउनु भयो । साथै स्थानीय तहलाई सशक्त ढंगवाट अगाडी वढाउन र जन-अपेक्षा अनुरुपको सेवा प्रवाह गर्दै मुलुकको समृद्धिमा योगदान पुर्याउनको लागि आमसञ्चार माध्यमको महत्वपूर्ण भूमिका रहेवाट तत्सम्वन्धमा सहयोगका लागि समेत अनुरोध गर्नु भयो ।

रुद्रसिंह तामाङ
प्रवक्ता तथा सह सचिव
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७४ आषाढ ३० शुक्रवार